## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः ४ -२०८३/०८४

मिति २०८३/०५/१६ समयः

स्थान: गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षता: गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री प्रधुब्न कुमार खड्का | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

| | |
|---|---|
| श्री गोविन्द प्रसाद पौडेल | सहायक प्रशासकीय अधिकृत |
| जीवन गुरुङ | जिन्सी शाखा प्रमुख |
| विश्वास अंगाई | लेखा अधिकृत |

देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
देवघाट, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०८३/०५/१६** **वैठक संख्या: ०४-२०८३/०८४**

**प्रस्तावहरु:**

१. समवेदना तथा श्रद्धान्जली व्यक्त गर्ने सम्बन्धमा ।

२. वन पैदावारजन्य(काठ/दाउरा) बिक्रीबाट प्राप्त रकम राजस्व खातामा दाखिला गर्ने सम्बन्धमा ।

३. क्षति तथा उद्धार व्यवस्थापन सम्बन्धी समीक्षा सम्बन्धमा ।

४. राहत एकद्धार प्रणाली मार्फत गर्ने सम्बन्धमा ।

५. राहत संकलन समिति गठन सम्बन्धमा ।

६. संघिय सरकारबाट प्राप्त विपद् व्यवस्थापन बापतको रकम सञ्चालन तथा कार्यान्वयन सम्बन्धमा ।

७. राष्ट्रसेवक कर्मचारी तथा जनप्रतिनिधि पदाधिकारीको सेवा सुविधाबाट राहत उपलब्ध गराउने सम्बन्धमा ।

८. विपद् राहत सम्बन्धमा ।

९. जनचेतनामूलक कार्यक्रम सञ्चालन सम्बन्धमा ।

१०. कार्यविधि स्वीकृत सम्बन्धमा ।

११. घाटगद्दी प्रमाणित गर्ने सम्बन्धमा ।

१२. बजेट रकम स्थानान्तरण सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. १:** प्रस्ताव नं. १ का सम्बन्धमा बिक्रम सम्बत २०८३ साल भाद्र १० गते रसुवा जिल्लाको आसपासका भोटेकोशी नदी तथा तल्लो तटीय क्षेत्र त्रिशुली नदीमा आएको भीषण बाढीबाट भएको ठूलो जनधनको क्षतिप्रति गहिरो दुख व्यक्त गर्दै उक्त विनाशकारी विपद् घटनामा परी ज्यान गुमाउनु हुने सम्पूर्ण व्यक्तिहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवार प्रति हार्दिक समवेदना प्रकट गर्दै उक्त घटनामा परी घाइते हुने व्यक्तिहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. २:** प्रस्ताव नं. २ माथि छलफल गर्दा देवघाट गाउँपालिकाको ठेक्का नं. १ (लट नं. १,२ र ३) वन पैदावरजन्य (काठ/दाउरा) वस्तुको लिलाम बिक्री वितरणबाट प्राप्त रकम देवघाट गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३:** प्रस्ताव नं.३ छलफल गर्दा यही भाद्र १० गते भोटेकोशी हुँदै त्रिशुली नदीमा आएको विनाशकारी बाढीबाट भएको जनधनको क्षति तथा शव उद्धार व्यवस्थापन सम्बन्धमा गाउँपालिका र सुरक्षा निकायहरुबाट भएको कार्यहरुको समीक्षा गरियो र उद्धार खटिने सम्पूर्ण सुरक्षा निकायलाई धन्यवाद दिने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८३ भाद्र १० गते भोटेकोशी र त्रिशुली नदीमा आएको विनाशकारी बाढीका कारण प्रभावित व्यक्तिहरुलाई राहत प्रदान गर्न एकद्धार प्रणालीबाट जिन्सी संकलन गरी जिल्ला

तिल बहादुर थापा

विपद् व्यवस्थापन समितिमा पठाउने र संकलित नगद रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धारकोषमा जम्मा गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०८३ भाद्र १० गते आएको विनाशकारी बाढी पहिरोबाट पिडित व्यक्तिहरुलाई राहत संकलनका लागि गाउँपालिकामा देवघाट गाउँपालिका प्रवक्ता एवम् ५ नं. वडाध्यक्ष श्री पूर्ण बहादुर कुँवरको संयोजकत्वमा देहाय बमोजिम राहत संकलन समिति गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

१. श्री पूर्ण बहादुर कुँवर - संयोजक (गाउँपालिका प्रवक्ता एवम् ५नं. वडाध्यक्ष)
२. श्री मित्रलाल गुरुङ - सदस्य (४ नं. वडाध्यक्ष)
३. श्री राधा देवी खनाल - सदस्य (ने.रे.सो. देवघाट उपशाखा)
४. श्री अरुण पौडेल - सदस्य (सूचना अधिकारी)
५. श्री बल बहादुर क्षेत्री - सदस्य (रा.स्व.पा. प्रतिनिधी)
६. श्री पुरुषोत्तम पण्डित - सदस्य (ने.का. प्रतिनिधी)
७. श्री भीम बहादुर गुरुङ - सदस्य (ने.क.पा. एमाले प्रतिनिधी)
८. श्री दुर्गालाल गुरुङ - सदस्य (नेपाली कम्युनिष्ट पार्टी प्रतिनिधी)
९. श्री प्रविन कार्की - सदस्य (सामुदायिक वन उपभोक्ता महासंघ, देवघाट)
१०. श्री अनिल मिश्र - सदस्य (लाइन्स क्लब, देवघाट)
११. श्री अर्जुन सुवेदी - सदस्य (देवघाटधाम जेसीस, देवघाट)
१२. श्री कर्ण बहादुर गुरुङ - सचिव (विपद् व्यवस्थापन शाखा)

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ माथि छलफल गर्दा संघिय सरकारद्वारा देवघाट गाउँपालिकालाई विपद्ग्रस्त क्षेत्र घोषणा गरी विपद् व्यवस्थापन कार्यका लागि प्राप्त रकम रु. २० लाख रुपैयाँ परिपत्र र प्रचलित कानूनको सीमाभित्र रही विपद्जन्य क्षेत्र र कार्यका लागि खर्च गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिति २०८३ भाद्र १० गते विपद्जन्य विनाशकारी बाढीबाट प्रभावित व्यक्तिहरुको राहत तथा पुनःस्थापना कार्यका लागि देहाय बमोजिम आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

क) राष्ट्रसेवक कर्मचारीको तर्फबाट योगदान गर्न श्रेणीबिहिन कर्मचारीबाट मासिक शुरु तलब स्केलको १ दिनको, सहायकस्तर कर्मचारीको २ दिनको, अधिकृतस्तर कर्मचारीको ३ दिन बराबरको तलब/पारिश्रमिक रकम मिति २०८३ भाद्र महिनाको मासिक तलब भुक्तानी गर्दा कट्टा गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गर्ने।

ख) जनप्रतिनिधि पदाधिकारीहरुको हकमा निजहरुले मासिक रुपमा पाउने सेवा सुविधा रकमलाई आधार मानी ३ दिन बराबरको सेवा सुविधा रकम बाढीबाट प्रभावित व्यक्तिका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष मार्फत उपलब्ध गराउने।

**निर्णय नं .८:** प्रस्ताव नं. ८ माथि छलफल गर्दा मिति २०८३ असार २९ गतेको दिन वडा नं. ५ मा अवस्थित टेक बहादुर तमाङको गोठ तथा सेप्टिक ट्याङ्कीमा क्षति भई पुन निर्माण गर्नुपर्ने भएकोले गाउँ विपद् व्यवस्थापन समितिको मिति २०८३ भाद्र १६ गतेको निर्णय अनुसार विपद् राहत स्वरुप रु.१०,०००/- आर्थिक सहायता उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

तिल बहादुर थापा

**निर्णय नं. ९:-** प्रस्ताव नं. ९ माथि छलफल गर्दा विनाशकारी विपद्जन्य बाढीका कारण मानिस तथा जनावरमा हुन सक्ने रोग प्रकोपलाई दृष्टिगत गरी देवघाट गाउँपालिका स्थित वडा नं. ४ को गाईघाट, वडा नं. ५ स्थित कालिमाटी, गौरीटार, भुवनटारघाट, सेती भतेरी (बद्रिमुक्ति टोल) मा चिकित्सक, मनोसामाजिक परामर्शकर्ता, स्वास्थकर्मी, पशु चिकित्सकको परामर्शमा स्वास्थ्य सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:-** प्रस्ताव नं. १० माथि छलफल गर्दा बाख्राको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्व वृद्धि **गर्ने देवघाट गाउँपालिकाको अनुदानमा उन्नत जात तथा क्रस जातको ब्याड बोका वितरण कार्यविधि, २०८३** स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:-** प्रस्ताव नं. ११ माथि छलफल गर्दा यस कार्यालयको ठेक्का नं. ०७/२०८२-०८३ कालिगण्डकी नदी साँढेबगरघाट र ठेक्का नं. ११/२०८२-०८३ कालिगण्डकी नदी कालीभतेरी खण्डबाट उत्खनन् भएको नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को घाटगद्दी प्रमाणित गरी पाउनको लागि आशिका कन्स्ट्रक्सन एण्ड विल्डर्स प्रा.लि. र जन कन्स्ट्रक्सन प्रा.लि.ले निवेदन पेश गरे अनुसार प्राविधिकबाट प्राविधिक नाँपजाँच भई पेश भएको नापी किताब बमोजिम देहाय बमोजिम घाटगद्दी प्रमाणित गर्ने सर्वसम्मत निर्णय गरियो ।

| क्र.सं. | फर्मको नाम, ठेगाना | उत्खनन् घाट | घाटगद्दी गरेको स्थान | घाटगद्दी गरिएको परिमाण (घ.मि.) |
|---|---|---|---|---|
| १ | आशिका कन्स्ट्रक्सन एण्ड विल्डर्स प्रा.लि., पोखरा-३३, कास्की | कालिगण्डकी नदी साँढेबगरघाट | देवघाट-५, साँढेबगर (कित्ता नं. ६९) | १२,३८८.९० |
| २ | जन कन्स्ट्रक्सन प्रा.लि., भरतपुर-१७, चितवन | कालिगण्डकी नदी कालिभतेरीघाट | देवघाट-५, (कित्ता नं. १७५५) | ८,७४३.३२ |

**निर्णय नं. १२:-** प्रस्ताव नं. १२ माथि छलफल गर्दा देवघाट गाउँपालिका वडा नं. ५ अन्तर्गत देउती खोला स्टिल ट्रस झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भई भुक्तानी दिन बाँकी रहेकोले उक्त झोलुङ्गे पुललाई संघीय सशर्त अनुदान (पूँजीगत) तर्फ रकम विनियोजन भई आउनु पर्नेमा चाँपखोला झोलुङ्गे पुल शीर्षकमा रु १८ लाख विनियोजन भई आएको तर चाँपखोला झोलुङ्गे पुल निर्माण कार्य सम्पन्न भई सम्पूर्ण रकम भुक्तानी भैसकेको हुँदा देउतीखोला स्टिल ट्रस झोलुङ्गे पुल, देवघाट-५ तनहुँ मा भुक्तानीको लागि वजेट विनियोजन भई आउनुपर्नेमा चाँपखोला झोलुङ्गे पुलका लागि वजेट रकम विनियोजन भई आएकोले उक्त विनियोजित रकम देउती खोला स्टिल ट्रस झोलुङ्गे पुल शीर्षकमा बजेट स्थानान्तरण गर्ने सस्पेन्सन वृज डिभिजन श्रीमहल ललितपुरलाई सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो ।

तिल बहादुर थापा
अध्यक्ष